




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क ४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन १३ गते बिहीबार ❑ 25 Feb. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## लोकतन्त्र सुदृढ बनाउन कांग्रेस सधैँ लाग्छ : सभापति देउवा

**रासस**
**काठमाडौं, १२ फागुन**

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले लोकतन्त्र सुदृढ बनाउन कांग्रेस सधैँ लाग्ने बताएका छन् ।

कांग्रेसका पूर्वमहामन्त्री महेन्द्रनारायण निधिको ९९औँ जन्मजयन्तीका अवसरमा महेन्द्रनारायण निधि स्मृति प्रतिष्ठानले बुधबार आयोजित ' अहिंसा र शान्ति : आजको सन्दर्भ' विषयक विचार गोष्ठीमा उनले लोकतन्त्रलाई सुदृढ बनाउने बाटो अदालतले खोलिदिएको बताएका हुन् । 'संसद् पुनःस्थापना गर्ने अदालतको आदेशले न्याय र प्रजातन्त्रको जीत भएको छ', सभापति देउवाले भने ।

पूर्वप्रधानमन्त्री देउवाले अदालतप्रति विचाराधीन मुद्दामा कांग्रेसले यो गर वा ऊ गर भनेर भन्न नमिल्ने भएकाले कांग्रेस चुप लागेर बसेको स्पष्ट पारे । कांग्रेस संसदीय व्यवस्था र प्रजातन्त्रका लागि लडेको पार्टी भएकाले संसद् पुनःस्थापनाले कांग्रेस खुशी रहेको उनको भनाइ छ। सभापति देउवाले पार्टीको १४औँ महाधिवेशन भदौमा सम्पन्न हुने उल्लेख गरे । उनले नेपालको प्रजातान्त्रिक आन्दोलनमा निधिको महत्वपूर्ण भूमिका रहेको बताए । विश्वभर निधिको विचार लागू हुँदै गएको सभापति देउवाको भनाइ थियो । कांग्रेस उपसभापति विमलेन्द्र निधिले पुनःस्थापित संसद्मा कांग्रेसले जिम्मेवारपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । उनले अदालतको निर्णय कांग्रेसले स्वीकार गर्ने बताउँदै अदालतको आदेशसँगै वर्तमान प्रधानमन्त्रीले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने उल्लेख गर्नुभयो ।

संसदीय प्रक्रिया अहिंसा र शान्तिपूर्ण बाटो भएको उनको भनाइ थियो । कांग्रेस केन्द्रीय सदस्य एवं सहकारी विभाग प्रमुख आनन्दप्रसाद ढुङ्गानाले सादा जीवन उच्च विचारका व्यक्ति निधि भएको भन्दै निधिको आदर्श र सिद्धान्तबाट कांग्रेसले पाठ सिक्नुपर्ने बताए। अहिंसाबाट गरेको आन्दोलन सफल हुने धारणा राख्ने निधि गान्धीवादी नेता भएको उनको भनाइ थियो । प्रतिष्ठानका अध्यक्ष पुरुषोत्तम दाहालले कांग्रेसले अहिले सत्ताको लोभ गर्न नहुने धारणा राखे ।

सो अवसरमा पूर्वमन्त्री तीर्थराम डङ्गोल, कांग्रेस आमन्त्रित केन्द्रीय सदस्य रमा पौडेल, प्रा डा आनन्दप्रसाद आचार्यलगायतले मुलुकको विकासका लागि शान्ति र अहिंसाको बाटो उपयुक्त हुने बताए।

## पोखरा–नेपालगञ्ज हवाई सेवा: पर्यटक बढ्ने विश्वास

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ फागुन**

कोभिड-१९ पछाडि पर्यटन क्षेत्रलाई चलायमान बनाउन पर्यटन सम्बद्ध सङ्घ संस्थाले एकपछि अर्को गतिविधिलाई जोड्दै कार्यक्रम गरिरहेका छन् ।

भम्रण वर्ष-२०२० मा २० लाख पर्यटक भित्र्याउने सपना कोभिड-१९ का कारण पूरा हुन नसकेपछि निजी क्षेत्रको पहलमा पछिल्लो समय आन्तरिक पर्यटकलाई लक्षित गर्दै पर्यटकीय गतिविधिमा जोड दिन थालिएको छ । हालै मात्र गण्डकी प्रदेशको राजधानी पर्यटकीय शहर पोखरा र व्यापारिक शहरको रुपमा चिनिने नेपालगञ्जलाई हवाई सेवामार्फत जोड्ने काम निजी क्षेत्रबाट भएको छ । यही फागुन ७ गते नेपालगञ्जबाट नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेण्टस् (नाट्टा)को टोली र नेपालगञ्ज उपमहानगरपालिका प्रमुख धवलशम्शेर राणासहितको जनप्रतिनिधि एवम् पर्यटन व्यवसायीसमेतको टोलीले सीता एयरलाइन्सको चार्टर उडानबाट पोखरा आएर यसको शुभारम्भ गरेका थिए ।

कोभिड-१९ ले सुस्ताएको पर्यटनलाई हवाई सेवामार्फत जोडेर आन्तरिक पर्यटन प्रवर्द्धनका लागि सिधा उडान निकै सकारात्मक भएको नाट्टा गण्डकीका अध्यक्ष सञ्जकान्त सिग्देलले बताए । 'लामो समयको पहलपछि पोखरा नेपालगञ्ज हवाई एयर सेवा शुभारम्भ भएको छ । आशा छ, यसले आन्तरिक पर्यटन प्रवर्द्धनसँगै निकट भविष्यमा पनि भारतीय पर्यटकलाई पोखरा आउने वातावरण सिर्जना गर्नेछ', उनले भने । उनले कोभिडका कारण छिमेकी देशका नाका पनि सुचारु हुन नसकेको अवस्थामा आन्तरिक पर्यटनको बजार खोज्दै र प्रवर्द्धन गर्दै नाट्टा अघि बढेको बताए । उनका अनुसार देश दर्शन कार्यक्रमलाई लक्षित गरेर अहिले हप्तामा दुई दिन शुक्रबार र आइतबार पोखरा नेपालगञ्ज उडान गरिएको छ । पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले पोखरा-नेपालगञ्ज सिधा हवाई उडान पर्यटन क्षेत्रका लागि निकै सकारात्मक प्रयास भएको बताए । 'पर्यटन क्षेत्रको विकासका लागि हवाई र 'रोड कनेक्टिभिटी' महत्वपूर्ण हुन्छ, अहिले मानिस निकै व्यस्त छन्, छोटो समयमा धेरै ठाउँ घुम्न चाहन्छन्, 'हवाई कनेक्टिभिटी'ले समयको बचत गराउँदछ', उनले भने, 'हवाई सेवाले दुई प्रदेशमात्र नभई भारतीय पर्यटकलाई पनि पोखरा आउन सहज बनाउने छ ।' उनका अनुसार अहिले भारतीय नाकाबाट फाट्टफुट्ट पर्यटक आएका छन्, गाडीलाई भने रोक लगाइएको छ । जसले गर्दा पर्यटक खुलेर आउन सकेका छैनन् । घुम्न चाहने पर्यटक दुविधामा छन् ।

अब सरकारले नाका खुलेको आधिकारिक घोषणा गरेर पर्यटकलाई नेपाल घुम्न वातावरण बनाइदिनुपर्छ । अध्यक्ष भट्टराईले भने, 'कोभिडपछि नेपाल खुला छ भन्ने सन्देश दिन आवश्यक छ । कतिपय देशले कोभिड पछाडि कसले बढी पर्यटक ल्याउने भन्ने रणनीतिक तयारीमा लागिरहेका छन् । यस्तो अवस्थामा नेपालले पनि छिटोभन्दा छिटो पर्यटकमैत्री नीतिमार्फत सहज वातावरण बनाएर पर्यटक भित्र्याउन पहल गर्नुपर्छ ।'

आन्तरिक पर्यटन प्रवर्द्धन समिति गण्डकीका संयोजक अग्नि कँडेलले पर्यटकीय गतिविधिलाई अगाडि लैजानुको विकल्प नभएको बताउँदै हालै पोखरा- नेपालगञ्ज उडानले पनि एउट सकारात्मक सन्देश दिएको छ भने । उनले अहिले २० प्रतिशत आन्तरिक पर्यटकनै नेपालको पर्यटन क्षेत्रलाई चलायमान बनाइरहेको उल्लेख गर्दै गण्डकी प्रदेशका मनाङ, मुस्ताङ र नवलपुरबाहेक नौवटा जिल्लामा आन्तरिक पर्यटन प्रवर्द्धनलाई प्रभावकारीरुपबाट अघि बढाउन समिति बनाएको जानकारी दिए ।

## अष्ट्रेलियाको सहयोग वडा नं १३ का मृगौला पिडीत मिनवहादुरलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ फागुन**

स्वदेशमा काम नपाइने, जीवनयापन गर्न आर्थिक अवस्था बलियो बनाउनु पर्ने बाध्यात्मक अवस्था भएपछि हरेक कुरालाइ सम्झौता गरी नेपाली युवाहरु विदेशिने क्रम बढेको पाइन्छ । नेपालबाट लाखौको संख्यामा महिला तथा पुरुष कामको लागि विदेश गएका छन् ।

विदेश जाने पैसा कमाइ घडेरी किन्ने, छोरा छोरी पढाउने, घर बनाउने विवाह गर्ने विषयमा नै केन्द्रत देखिन्छ । तर सामाजिक भावनाले ओतप्रोत युवायुवती विदेशमा बसेपनि स्वदेशकै दिदीवहिनी र दाजुभाइको चराएको घाउमा मलाम लगाउने मनकारी हातको औलामा गन्न सकिन्छन् । औलामा गन्न सकिने मध्ये अष्ट्रेलियामा बस्ने नेपालीलाइ गन्न सकिने उदाहरणीय बनेका छन् पोखरा समाज अष्ट्रेलियाको परिवार । पोखरा महानगरपलिका वडा न १३ स्थित कैलाश टोलमा अस्थायी बसोबास गर्दै आएका मिनवहादुर सार्कीको गत चैत वाट मृगौलाले काम गर्न छोडेपछि



परिवारलाइ चिन्तामा डुवाएको छ । एक वर्ष पहिला पूर्वतिरको गाइघाट होटलमा कामको शिलशिलामा जाँदा स्वास्थ्यमा समस्या आएपछि धरान अस्पतालमा उपचार गर्ने क्रममा मृगौलाले काम गर्न छाडेको मिनवहादुरले थाहा पाए । उपचारको क्रममा भौतारिहँदै हिड्दा पोखराको चरक अस्पतालमा पुगे पछि हाल सोही अस्पतालमा निःशुल्क डायलासिस गरिराखेका छन् । उनै मिनवहादुरलाइ मृगौला प्रत्यारोपण गर्न पैसा नुहँदा जीवन मरणको दोसाँधमा परेका छन् । सेवा नै धर्म हो भन्ने मुल मन्त्रमा बाँधिएको पोखरा समाज अष्ट्रेलियाको परिवार मिनवहादुरलाइ थप उपचार गर्नको लागि ४० हजार दिने भएको छ । ४० हजार मध्ये २५ हजार पाँचसय २५ रुपैयाँ बुधवार प्राइम बैकमा जम्मा गरिसकिएको पोखरा समाज अष्ट्रेलियाका महासचिव समित केसीले जानकारी दिए । बाँकी रकम विहीवारनै जम्मा गरिदिने महासचिव केसीले भने । अष्ट्रेलियावाट प्राप्त रकमको भौचर अभियानका संयजोक रामचन्द्र कार्की , पोखरा १३ तथा आसपासका गतिविधिका संचालक कुमार केसी र पत्रकार शोभाकान्त सिग्देलको उपस्थितिमा मनिवहादुर लाइ प्रदान गरिएको थियो । पछिल्लो समयमा विदेशमा वसेपनि जन्मभुमि लाई पहिलो प्राथमिकतामा राखी पोखरा समाज अष्ट्रेलियाले सामाजिक कार्यलाई निरन्तर अगाडि बढाई रहेको छ । २०७६ चैत ११ गते देखि नेपालमा लकडाउन सुरु भएदेखि नै नकोभिड-१९ प्रभावित व्यक्ति देखी बाडिपहिरो पिडितलाई सहयोग गर्दै आएको पोखरा समाज अष्ट्रेलियाका अध्यक्ष राजकुमार अधिकारीले वताए । मिने सार्की बचाउ अभियान अन्तर्गत छिमेकीदेखी स्वदेश हुँदै बिदेशमा रहेका नेपाली समुदाय बिच सहयोग को अपिल गरिएको सहयोग आर्थिक सकलन समितिका संयोजक रामचन्द्र कार्कीले वताए ।

अष्ट्रेलियाबाट समाजका महासचिव समित के सी को समन्वयमा विदेशवाट पहिलो सहायोगप्राप्त भएको पोखरा १३ तथा आसपासका गतिविधिका संचालक कुमार केसीले वताए । समुदायका हरेक दुख-सुखमा समाजले सहयोग गर्दै आइरहेको समाजसेवी युवराज त्रिपाठीले पोखरा समाज अष्ट्रेलिया परिवारलाइ धन्यवाद दिए ।

## पोखरामा पुनस्र्थापनाको सम्मानमा प्रर्दशन

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ फागुन**



सर्वोच्च अदालतको फैसलाको स्वागत गर्दै पोखरामा पनि विजयी जुलुस निकालिएको छ ।

नेपाल कम्यूनिष्ट पार्टी(नेकपा) जिल्ला समिति कास्कीको आयोजनामा बुधबार पोखरामा विजयी जुलुस निकालिएको हो । पोखराको पृथ्वीचोकबाट सुरु भएको विजयी जुलुस सभागृहचोक, न्यूरोड, चिप्लेढुंगाहुदैमानवअधिकारचोकमा पुगेर कोण सभामा परिणत भएको थियो । सर्वोच्च अदालतको प्रतिनिधिसभा पुनः स्थापनाको फैसलालाई सम्मान, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानलाई रक्षा र सदृढ गरौं भन्ने नारा सहित जुलुसमा नेकपाका युवा नेतादेखि विभिन्न जनबर्गीय संगठनका नेता तथा कार्यकर्ताहरुको सहभागिता रहेको थियो । नेकपाका गण्डकी सहइन्चार्ज तुलबहादुर गुरुङले प्रधानमन्त्री ओलीले चालेको कदम कानुनी रुपमा र बैधानिक रुपमा अबैध भएको पुष्टि भएसंगै प्रधानमन्त्री ओलीले अब राजिनामा दियर मार्ग प्रशस्त पार्न आग्रह गरे । उनले भने "प्रधानमन्त्री ज्यू, अझै आत्मआलोचना गरी आम जनता माझ माफ मागेर आउनु हुन्छ भने पनि हामी सहकार्य गरी अघि बढ्न सक्छौं, अन्यथा अब नैतिकताको हिसावले पनि राजिनामाको विकल्प छैन ।" कास्कीका बुद्धिजिबि सुरेन्द्र थापा मगरले सर्वोच्च अदालतको फैसलाले संविधानको जित भएकोले दाबी गरे ।

नेकपा कास्कीका इन्चार्ज राजकाजी गुरुङ करणले संविधानको रक्षाको लागि सर्वोच्च अदालतको निर्णयले आम जनतामा एक पटक फेरी खुसिछाएको बताए । नेकपा कास्कीका सचिव बखानसिंह गुरुङले जुलुसमा सहभागिहरुलाई धन्यवाद दिएका छन् । यसैबिच, सर्वोच्च अदालतको फैसलाको स्वागत गर्दै पोखरामा मंगलबार बेलुका नै दीप प्रज्वलन गरिएको थियो । प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानमा उल्लेख नभएको अधिकार प्रयोग गरेर गत पुष ५ गते संसद विघटन गरेका थिए । कास्कीमा पनि नेकपा (दाहाल-नेपाल) समुह तथा नेकपा (ओली समुह) बिच हुन सक्ने घटनालाई न्यूनिकरण गर्न सुरक्षा व्यबस्था कडा पारिएको सुरक्षा स्रोतले जनाएको छ ।

## कास्की कांग्रेसद्वारा सर्वोच्चको निर्णय स्वागत, आन्दोलनमा साथ दिनेप्रति धन्यवाद

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ फागुन**

नेपाली कांग्रेस कास्कीले सर्वोच्च अदालतले प्रजातन्त्र र संवैधानिक मर्यादाको प्रत्याभूति हुने गरी संसद पुनःस्थापना गर्न गरेको निर्णयको स्वागत गर्दै सम्मान गरेको छ ।

कास्की काँग्रेसका सभापति कृष्ण केसीले विज्ञप्ति प्रकाशित गरी लहडबाजीमा प्रजातन्त्र र संवैधानिक सर्वोच्चतालाई उपहास हुने कुनै पनि नागरिक अधिकार हनन विरुद्ध काँग्रेस सदैव अग्रपंक्तिमा रहेर लड्ने विश्वास दिलाउँदै संसद पुनःस्थापनाको माग पूरा गर्न सहयोग गर्ने सबैमा धन्यवाद व्यक्त गरेको छ । पुस ५ गतेको असंवैधानिक र अलोकतान्त्रिक निर्णयका विरुद्ध काँग्रेसको आव्हानमा भएका जिल्ला, क्षेत्र, प्रदेश, स्थानीय तह र वडा स्तरीय आन्दोलनमा उत्साहजन सहभागिता जनाएर सफल पार्न सहयोग गर्ने नेता, कार्यकर्ता, क्रियाशील सदस्य, भातृ तथा शुभेच्छुकको साथले संगठन संचालन गर्न ठूलो हौसला प्रदान गरेको विज्ञप्तिमा उल्लेख छ ।


## कास्की कांग्रेसद्वारा सर्वोच्चको निर्णय स्वागत, आन्दोलनमा साथ दिनेप्रति धन्यवाद

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ फागुन**

नेपाली कांग्रेस कास्कीले सर्वोच्च अदालतले प्रजातन्त्र र संवैधानिक मर्यादाको प्रत्याभूति हुने गरी संसद पुनःस्थापना गर्न गरेको निर्णयको स्वागत गर्दै सम्मान गरेको छ । कास्की काँग्रेसका सभापति कृष्ण केसीले विज्ञप्ति प्रकाशित गरी लहडबाजीमा प्रजातन्त्र र संवैधानिक सर्वोच्चतालाई उपहास हुने कुनै पनि नागरिक अधिकार हनन विरुद्ध काँग्रेस सदैव अग्रपंक्तिमा रहेर लड्ने विश्वास दिलाउँदै संसद पुनःस्थापनाको माग पूरा गर्न सहयोग गर्ने सबैमा धन्यवाद व्यक्त गरेको छ ।

पुस ५ गतेको असंवैधानिक र अलोकतान्त्रिक निर्णयका विरुद्ध काँग्रेसको आव्हानमा भएका जिल्ला, क्षेत्र, प्रदेश, स्थानीय तह र वडा स्तरीय आन्दोलनमा उत्साहजन सहभागिता जनाएर सफल पार्न सहयोग गर्ने नेता, कार्यकर्ता, क्रियाशील सदस्य, भातृ तथा शुभेच्छुकको साथले संगठन संचालन गर्न ठूलो हौसला प्रदान गरेको विज्ञप्तिमा उल्लेख छ ।





# जनप्रिय बहुमुखी क्याम्पसमा ट्रेकिङ गाइड तालिम

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ फागुन**

जनप्रिय बहुमुखी क्याम्पस र नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानको संयुक्त आयोजना तथा माछापुच्छ्रे मोडल ट्रेकको व्यवस्थापनमा ब्याच्लर अफ माउन्टेन टुरिजम म्यानेजमेन्ट (बिएमटिएम) का विद्यार्थीलाई एक महिने ट्रेकिङ गाइड सम्बन्धी तालिमको एक समारोहका बिच शुभारम्भ गरिएको छ।



समारोहको उद्घाटन गर्दै क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष तथा कार्यक्रमका सभापति तारा गिरीले तालिमबाट सिकेको ज्ञानलाई व्यवहारमा उतार्नुपर्ने बताए। स्वागत मन्तव्य सहित तालिमको उद्देश्यमाथि प्रकाश पार्दै क्याम्पस प्रमुख विरञ्जी गौतमले पर्वतीय पर्यटन बिना समग्र पर्यटनको बिकास नहुने कुरा तर्फ जोड दिदै यस तर्फ सबै जना हातेमालो गर्दै अगाडि बढ्नुपर्ने धारणा राखे। टान पश्चिमाञ्चलका पूर्व अध्यक्ष तथा अग्रज पर्यटन व्यवसायी डम्बरबहादुर के.सीं.ले तालिमको भरपुर सदुपयोग गर्न विद्यार्थीलाई आग्रह गरे। नेपाल पर्यटन बोर्डका पूर्व बोर्ड सदस्य बासुदेव त्रिपाठीले नेपाली पर्यटन क्षेत्रमा माउन्टेन टुरिजम, एक प्रमुख पाटो भएकाले ट्रेकिङ गाइड सबै विषयमा जानकार हुन आवश्यक रहेको औल्याए। कार्यक्रममा बोल्दै माछापुच्छ्रे मोडेल ट्रेकका सचिव कुल प्रसाद अधिकारीले तालिमबाट आगामी दिनमा पर्यटन उद्योगलाई आवश्यक दक्ष जनशक्ति तयार हुने विश्वास ब्यक्त गरे।

तालिमका सहभागी विद्यार्थी गेहेन्द्र पराजुलीले अनुशासन पूर्वक तालिममा सहभागी भएर उत्कृष्ट बन्ने प्रतिवद्धता ब्यक्त गरे। क्याम्पस प्रशासक एकनारायण अर्यालले कार्यक्रम संचालन गरेका थिए। बिभिन्न क्षेत्रका अनुभवी प्रशिक्षकहरुबाट प्रशिक्षण गराइने तालिममा, तालिमपछि विद्यार्थीहरु फिल्ड भिजिटको लागि मर्दी र माछापुच्छ्रे मोडेल ट्रेकमा जाने बताइएको छ।

# भ्याली स्पोर्टस् १४ गोल गर्दै देशनास्मृति भेट्रान्स कपको क्वाटरफाईनलमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ फागुन**

पोखरा महागरपालिका १ पुरानो टुडिखेलमा जारी 'देश्ना चन्द स्मृति दोस्रो भेट्रान्स सेभेन ए साईड नयाँगल्ली कप २०७७' मा बुधबार भ्याली स्पोर्टस्ले पाहुना टोली भिमाद भेट्रान्स माथी सहज जित निकालेको छ।



पुरानो टुडिखेलमा बुधबार सम्पन्न खेलमा भिमाद भेट्रान्स माथि हावि हुदै १४-० गोल अन्तरले पराजिगत गर्दै क्वाटरफाईनलमा प्रवेश गर्यो। भ्यालीको जीतमा विजय गुरुङले ट्रीपल ह्याट्रिकको योगदान दिए। त्यस्तै नयांगल्ली भेट्रान्सले मित्रता एफसीलाई ८-१ गोलको फराकिलो अन्तरले पराजित गर्यो।

त्यस्तै वालिङ भेट्रान्सलाई २-१ गोलको अन्तरले एलजी एशोसियसनले हरायो। अब एलजीले बिहिबार भ्याली स्पोर्टस्सँग भिड्नेछ। गार्डेन एफसीले ४-० को गोल नतिजा सहित विष्णुपादुकालाई पाखा लगाउदै क्वाटरफाईनलमा प्रवेश गर्यो। त्यस्तै बिटी एफसीलाई गोर्खा अल्टिमेट फिटनेशले ३-० गोल अन्तरले पराजित गर्दै अन्तिम आठमा प्रवेश पायो। त्यस्तै अन्तिम खेलमा ईन्द्रेणीलाई काल भैरवले ४-१ गोल अन्तरले सहज जित निकाल्यो। बिहिबार क्वाटरफाईनलका ६ खेल हुने बताउदै विहान ९ बजे पहिलो खेल हुने प्रतियोगिता संयोजक हिटलर घलेले जानकारी दिए। यसअघि म्याग्दी समाज युकेका युवा अध्यक्ष अनिल मल्लले रेफ्रीलाई बल हस्तान्तरण गरेर प्रतियोगिताको उद्घाटन गरेका थिए।

# आँबुखैरेनीमा फोनिज गण्डकीको 'डिजिटल जर्नालिजम' बारे अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
**तनहुँ, १२ फागुन**

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकी प्रदेश समितिको आयोजनामा तनहुँको आँबुखैरेनीमा 'सञ्चार प्रविधिको विकास र अबको पत्रकारिता' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।



तनहुँको आँबुखैरेनी गाउँपालिका र आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेशको सहयोगमा सुचना, प्रविधिको विकास र अबको पत्रकारिता विषयक गण्डकी प्रदेश स्तरिय अन्तरक्रिया बुधबार एक कार्यक्रममा बिच सम्पन्न गरेको हो। गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री हरि बहादुर चुमानले उक्त कार्यक्रमको उद्घाटन गरे। सो अवसरमा बोल्दै कानूनमन्त्री चुमानले प्रदेश सरकारले होमस्टेको प्रवर्द्धनलाई प्राथमिकतामा राखेर आफ्ना कार्यक्रमहरु अगाडी सारेको बताउदै सोही अनुरुप फोनिजलाई पनि अन्तरक्रियाको लागि सहयोग गरेको बताए।

उनले पछिल्लो समय सुचना तथा प्रविधिको युग भएकाले सोही अनुरुप सबै क्षेत्र र मिडियाकर्मीहरु पनि अपडेट हुनुपर्ने धारणा राखे। मन्त्री चुमानले पत्रकार आफै जिम्मेवार बन्नुपर्ने उल्लेख गर्दै प्रदेश आमसंचार ऐन बनाउने बताए। उनले उक्त ऐनमार्फत पीत पत्रकारितालाई नियमन गर्ने बताउदै पत्रकार स्वयम आफै पनि जिम्मेवार र सचेत हुनुपर्ने बताए। मन्त्री चुमानले गण्डकी प्रदेशका ११ जिल्लाबाट १०/१० वटा स्थानलाई पर्यटकिय गन्तव्यको रुपमा छनौट गरिएको बताउदै तनहुँबाट छिम्केसरी र आँधीमुल सुचिकृत भएको जानकारी दिए। उनले आँधीमुलको प्रवर्द्धनमा पहिल्यै देखि प्रदेश सरकारले पहल गर्दै आएको बताउदै स्थापित गर्न मिडियाको भुमिका रहने भएकाले सहयोग गर्न आग्रह गरे। मन्त्री चुमानले फरक प्रसंगमा बोल्दै सर्वोच्च अदालतले संविधानको मर्म बुझ्दै जनताको पक्षमा फैसला गरेकाले देश अध्यारो सुरुङमा पस्नबाट बचेको बताए। उनले संसद विघटनको विषय र प्रतिगनमलाई प्रशय दिएर ओलीले देशलाई अध्यारो सुरुङ तर्फ धकल्न लागेको समेत टिप्पणी गरेका थिए। त्यस्तै तनहुँका प्रमुख जिल्ला अधिकारी सागर आचार्यले अन्तरक्रियाबाट मिडियाकर्मीहरुले बढि मात्रामा ज्ञानगुणका कुरा ग्रहण गरेर आगामी दिनमा सोही अनुरुप कलम चलाउनेमा विश्वास व्यक्त गरे। आँबुखैरेनी गाउँपालिकाका प्रमुख गिर बहादुर थापाले आफ्नो क्षेत्रमा रचनात्मक कार्यक्रमको आयोजना गरेको बताउदै पर्यटकिय गतिविधि मौलाउनेमा विश्वास व्यक्त गरे। प्रमुख थापाले पत्रकार देशको चौथो अंग भएकाले तथ्य सहित खरो रुपमा प्रस्तुत हुनुपर्ने बताए। मिडियाहाउसले आफ्नो ब्राण्ड बनाउनु पछाडी सहि तथ्याङ्क र सहि सुचनाको भुमिका महत्वपर्ण रहने बताउदै विशेष ध्यान दिनपर्ने समेत बताएका थिए। त्यस्तै उपप्रमुख पुष्पा देवी श्रेष्ठले आँबुखैरेनी गाउँपालिका भित्रका पर्यटकिय गन्तव्य पहिचान हुन नसकेको बताउदै पहिचान भएका पर्यटकिय गन्तव्यको प्रवर्द्धनमा मिडियाले सहयोग गर्न आग्रह गरिन्। नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकी प्रदेश ईन्चार्ज हुम बहादुर गुरुङले अन्य क्षेत्रमा जस्तै पत्रकारितामा समेत जातिय विभेद रहेको टिप्पणी गरेका थिए। 'सञ्चार प्रविधिको विकास र अबको पत्रकारिता' (डिजिटल जर्नालिजम) विषयक गण्डकी प्रदेश स्तरिय अन्तरक्रिया कार्यक्रममा ग्लोबल मल्टिमिडिया जर्नालिष्ट रजनीश भण्डारीले कार्यपत्र प्रस्तुत गरेका थिए। नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकी प्रदेशका अध्यक्ष एमबी आस्था मगरको सभापतित्वमा सम्पन्न कार्यक्रममा संस्थाका सचिव खीमा गुरुङले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने सदस्य सुनिता रानाले कार्यक्रम सञ्चालन गरेकी थिईन्।

# स्याङ्जामा ४५ सयले लगाए कोभिड बिरुद्धको खोप

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १२ फागुन**

स्याङजामा सोमबारसम्म ४ हजार ५ सय ८ जनाले कोभिड विरुद्धको खोप लगाएका छन्। ती मध्ये पहिलो अभियान अर्न्तगत १ हजार ४ सय ९६ जना र दोश्रो अभियान अर्न्तगत ३ हजार १२ जनाले खोप लगाएका हुन।

माघ १४ गतेदेखि सुरु भएको पहिलो चरणको खोप लगाउने पहिलो अभियानमा स्वास्थ्यकर्मी, सरसफाइकर्मी, महिला स्वास्थ्यस्यवंसेवी, एम्बुलेन्स चालक र शव ब्यवस्थापकलाई लगाइएको थियो। यसैगरी, दोश्रो अभियान अर्न्तगत कर्मचारी (निजामति, प्राबिधिक, संस्थान, प्राधिकरण, पत्रकार, जनप्रतिनिधी, बैंक तथा बित्तीय) क्षेत्रमा रहेकालाई लगाइएको स्वास्थ्य कार्यालय प्रमुख यामप्रसाद शर्माले जानकारी दिए। प्रमुख शर्माका अनुसार पहिलो अभियानमा ८७ प्रतिशत र दोश्रो अभियान अर्न्तगत ७३ प्रतिशतले खोप लगाएका छन्। स्याङ्जाका लागि पहिलो अभियानमा १ हजार ७ सय १० र दोश्रो अभियानमा ४ हजार १ सय २४ वटा खोप उपलब्ध भएका थिए। जिल्ला अस्पताल, प्रथामिक स्वास्थ्य केन्द्र, सामुदायीक अस्पतालबाट खोप लगाउने गरिएको थियो। मंगलबार देखि भ्याक्सिन लगाउने काम स्थगित गरिएको छ। स्वास्थ्य कार्यालयलाई उपलब्ध भएको मध्ये एक हजार ३ सय भन्दाबढी खोप मौज्याद छन्। खोप लगाएकालाई सामान्य ज्वरो आउने, शरिर दुख्ने गरेको भए पनि अन्य ठूला समस्या नदेखिएको अस्पतालका सुपरिटेण्डेन्ट डा. सुशिल मरासीनीले बताईन्। जिल्लामा यसै महिनाको २३ गतेदेखि दोश्रो चरणको खोप अभियान सुरु गरिने भएको छ। शिक्षक, शिक्षिका, चालक, सहचालक र ५५ बर्षमाथिका सबैलाई खोप दिनेगरी तयारीमा जुटेको कार्यालयले जनाएको छ। खोप आएपछि कोरोना संक्रमणबाट त्रसिद बनेका स्याङ्जावासीमा ढुक्क भएको बताइएको छ।

**स्वास्थ्य नै ठूलो धन हो।**
**कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं, संक्रमितहरुको उच्च मनोवल राख्न हौसला प्रदान गरौं।**

- **कोभिड-१९ संक्रमित बिरामीहरुलाई अपहेलना नगरौं।**
- **बिरामीहरुको दैनिकीमा ध्यान दिऔं, उनीहरुसँग बोलेर, लेखेर वा हाउभाउको माध्यमबाट स्नेह गरौं।**
- **कोभिड-१९ संक्रमितहरुको उपचारमा खटिएका स्वास्थ्यकर्मी, सुरुक्षाकर्मीहरुको उच्च मनोबल कायम राख्न हौसला प्रदान गरौं।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# एकै ठाउँमा आएर स्थिरताका पक्षमा जानुपर्छ : मन्त्री चुमान

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ फागुन**

गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री तथा नेकपाका केन्द्रीय सदस्य हरिबहादुर चुमानले समाजवादीउन्मुख कम्युनिष्टको आन्दोलनलाई सार्थकता दिन गल्ती स्वीकार गरी सबै एकै ठाउँमा आएर स्थिरताका पक्षमा जानुपर्ने बताएका छन्। तनहुँको दमौलीमा बुधबार नेकपा दाहाल नेपाल समूहले आयोजना गरेको सभालाई सम्बोद्धन गर्दै उनले भएका कमीकमजोरीलाई सच्याएर कम्युनिष्ट एक ढिक्का भएर अघि बढ्नुपर्नेमा जोड दिए। 'विघटनको बाटो रोज्ने, गल्ती गर्न उक्सानेले पनि गल्ती भयो भने स्वीकार्न तयार हुनुपर्छ।

यसो भएको खण्डमा बल्ल हामी ठीक ठाउँमा आउँछौं', उनले भने, 'गल्ती कमजोरी सच्याउने हिम्मतका साथ अघि बढ्ने नै कम्युनिष्ट हुन्छन्, क्रान्तिकारी हुन्छन्। पार्टी गलत बाटोमा गयौं भनेर जनतासँग माफी माग्न पछि हट्नु हुँदैन।'


नेकपाका केन्द्रीय सदस्य पिएल श्रेष्ठ र आशा कोइरालाले प्रतिनिधिसभा विघटन बदर गरेर सर्वोच्च अदालतले देश र जनतालाई दलदलमा फस्नबाट जोगाएको बताए। जिल्ला सचिव राजेन्द्रकेशरी न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा गण्डकी प्रदेशका सदस्य रेखा बत्स्याल, चित्रबहादुर थापा, शङ्करनारायण श्रेष्ठ, अतेन्द्रकेशरी न्यौपाने र नेकपा व्यास नगरपालिकाका अध्यक्ष श्रीराम कार्कीलगायतले सर्वोच्च अदालतबाट संसद् विघटन बदर हुँदा आमजनताको जीत भएको बताए।




**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५३२५०८, ०६१-५२०६५१, ०६१-५३७८५७, E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

## सम्पादकीय

# महिलालाई कानुनमा विभेद

देश र समाजले प्रगति गर्न महिला र पुरुषले समान रुपले अवसर पाउनुपर्छ । जुन देश र समाजले महिला र पुरुषबीच रहेको असमानता हटाएका छन त्यहाँ प्रगति भएको छ। अझै पनि महिला र पुरुष समान अवसरबाट बन्चित गर्ने कानुनमा सुधार हुन सकेको छैन । महिलालाई बंश र अंशमा समान हक दिन हिचकिचाउने नै नेतृत्वमा छन । नेपालमा महिलाले संविधानमा पाएको अधिकार कानुनबाट संकुचित पार्ने काम नागरिकता बिधेयकमा गरिएको छ। महिलालाई समान अवसर दिएमा आकाश नै खस्छ कि झैं गरेर कुर्लनेहरु सबै ठाउँमा हावी रहेसम्म राजनीतिक, आर्थिक र साँस्कृतिक विभेदको सिकार बनिरहन्छन भन्ने अध्ययनले देखाएको छ।

चौतर्फी प्रगतिका बाबजुद अझै पनि महिलाको आर्थिक अवसरका लागि नियम कानुन नै बाधक रहेको अध्ययनले देखाएको छ । विश्व बैंकको अध्ययनले विश्वका राष्ट्रहरु लैगिक समानताको बाटोमा अग्रसर भए पनि महिलाहरु अझै पनि कानुनी झमेलामा अड्किएर आर्थिक अवसर प्राप्त गर्नबाट बञ्चित हुने देखाएको छ। कानुनी रुपमा अल्झाउनु समाजलाई पछाडि पार्नु हो । यो समस्यालाई कोभिड १९ सिर्जित स्वास्थ्य तथा आर्थिक सुरक्षाको थप चुनौती खडा गरेको छ। धेरै क्षेत्र तथा उपक्षेत्रमा 'वुमन, बिजनेस एन्ड ल २०२१' मा महिलाको आर्थिक समावेशीकरणमा आएका बाधा हटाउन गरिएका प्रयास सुस्ताएको उल्लेख गरिएको छ। अध्ययनमा पुरषसँग भएको न्यायिक अधिकारको एकतिहाइमात्र महिलालाई दिइएको उल्लेख गरिएको छ । प्रतिवेदनमा भनिएको छ, ँमहामारीभन्दा अघि नै महिलाहरु प्रतिकुल परिस्थितिमा रहेकामा कोरोनाले सरकारी पहल झनै सिमित बनाएको छ।

ँथप सबल विकास सुनिश्चित गर्न महिलाहरु अर्थतन्त्रमा पूर्णरुपमा समावेश हुन जरुरी रहेको विश्व बैंकको मान्यता छ। धेरै देशमा महिलाको आर्थिक पहुँच बढाउन उल्लेख्य प्रयास भएपनि केही देश विपरित गतिमा हिँडेको विश्व बैंकको बुझाई छ। नेपालले पुरुष अभिभावको अनुमति बिना यात्रा गर्ने छुट नदिने प्रयासले असमानताको उजागर गराएको छ। महामारीले महिलालाको हकमा प्रतिकुल हालका असमानता अझै बढाएको छ ।यस्ता बाधाले विद्यालय जान तथा रोजगारीका अवसर पाउनबाट बञ्चित गरेका छन् । महिलाहरु अझैपनि घरायसी हिंसा, स्वास्थ्य र सुरक्षाको चुनौती भोगिरहेको अध्ययनले देखाउँछ । विश्व बैंकले महिलाहमा वित्तीय पहुँच हुनुपर्ने, पुरुषझैं न्यायिक समानता हुनुपर्ने मान्यता समाजलाई प्रगतिको दिशामा अघि बढाउने कदम हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बड्ने |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शारिरीक झमेला | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : मानसिक तनाब | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# धम्पुस चुचुरोका आरोहीको अनुभवः उचाइसँगै बढ्यो आत्मविश्वास

–जमुनावर्षा शर्मा

पोखरा, १२ फागुन

'मानिसको जीवनमा धेरै रहर हुने गर्छन्, कुनै पूरा हुन्छन् कुनै हुँदैनन् । मलाइ पनि हिउँसँगको चुचुरोमा पुग्ने रहर निकै थियो पूरा भयो' माघको ३ गते धम्पुस पिक (६०१२ मिटर) आरोहण गर्न सफल ४३ वर्षीय हीराकुमारी मल्ल एउटा सपना पूरा भएको अनुभव सुनाउँदै भन्नुभयो । "म सन् २००७ बाट ट्रेकिङ गाइडका रूपमा काम गर्दै आएकी छु, विदेशी पर्यटकलाई नेपालको भूगोल, रहनसहन र संस्कृतिका बारेमा बुझाउँदै र हिमालका चुचुरो देखाउँदै जाँदा मलाई पनि त्यहाँ पुग्ने रहर जाग्यो, चुचुरोमा पुग्न आँट चाहिने रहेछ, अन्ततः सफल भएँ ।"

उहाँले सफल हुन चुनौतीको पहाड त चढ्नै पर्ने रहेछ त्यो पार गरेपछि सफलता मिल्छ भन्ने शिक्षा र आत्मविश्वास आरोहण पछि पाएको बताउनुभयो ।

मनाङ कि ३३ वर्षीय मनु गुरुङ पनि झण्डै आधा दर्जनभन्दा बढी चुचुरोमा पुग्नुभएको छ । अझै अग्ला हिमाल चढ्ने रहर पनि साँचिरहनु भएको छ। "म ट्रेकिङ क्षेत्रबाट माउन्टेन क्लाइम्बिङको अनुभव बटुल्दै छु, टेन पिक, चुलो वेष्ट, अन्नपूर्णलगायत झण्डै आधा दर्जन पिकको सफल आरोहण गरेकी छु, पछिल्लो पटक धम्पुस पिकको अनुभव केही फरक रह्यो ।"

गुरुङले अत्याधिक हावाको वेग र चिसोले गर्दा केही कठिनाइ भएको सुनाउनुभयो । हिमाल आरोहणप्रतिको रुचिका बारेमा गुरुङले भन्नुभयो, "म नेपालकी छोरी, डाँडापाखा कन्दरा कति गरेकी छु, चुचुराको फेदमा कैयौँ पटक पुगेकी छु तर चुचुरो उक्लने कुरामा हामीलाई विश्वास नगरिँदो रहेछ ।" उहाँले २०१३ मा एउटा पिक चढ्न जाँदाको अनुभव सुनाउँदै भन्नुभयो "म केही समय अघि हिमाल आरोहणको तयारी गरेकी थिएँ तर त्यहाँका केही मानिसहरूले मलाई विदेशीसँग विहे गरेर आएको हो ? नत्र एक्लै महिलाले कहाँ हिमाल चढ्न सक्छन् भनियो, मलाई यो कुराले निकै चोट पुग्यो । आफ्नै भू-भागका चुचुरोमा पुग्न विदेशीसँग विहे गर्नुपर्ने वा अरुको साहारामा मात्र उक्लनुपर्ने हो र ? किन विश्वास नगरेका आफ्नै चेलीहरूलाई" गुरुङले भन्नुभयो "मलाई यस्तै यस्तै कुराले पनि थप प्रेरणा मिल्यो र म चुचुरोमा उक्लन थालेँ र सफल पनि भएँ ।"

उहाँले कठिनाइसँग जुधेर आत्मविश्वास जगाउन सके असम्भव भन्ने केही नहुने बताउनुभयो । आफूमा विश्वास गर्न सक्यो भने ९० प्रतिशत सफलता आफ्नो पक्षमा हुने उहाँको दाबी छ । म्याग्दीका ३४ वर्षीय र्‍याफ्टिङ गाइड सनकुमार जुग्जाली खोलामा पौडिरहेको मानिस चुचुरोमा पुग्दाको अनुभव बटुल्ने आरोहरण गरेको बताउनुहुन्छ । "समुद्री सतहबाट उच्च तहसम्मको अनुभव बटुल्न मन लाग्यो । केही दिनको तालिमले ऊर्जा मिल्यो अनि छ हजार मिटरको चुली उक्लन सफल भइयो ।"

जुग्जालीले धम्पुस पिकको आरोहरणको सफलताले अन्य चुचुरोमा पनि पुग्न ऊर्जा मिलेको बताउनुभयो । ट्रेकिङ्ग गाइड समेत रहनुभएका जुग्जाली पर्यटन क्षेत्रमा यस्ता गतिविधिका बारेमा अनुभव हुन जरुरी ठान्नुहुन्छ। उहाँले आफ्नो अनुभवलाई पर्वतीय पर्यटन प्रवर्द्धनका लागि प्रयोग गर्ने बताउनुभयो ।

गएको कम्तीमा १५ वर्ष अघिदेखि मर्दी हिमालको बेसक्याम्पमा ट्रेकर्स प्याराडाइज रेष्टुरेण्ट सञ्चालन गर्नुभएका होटल व्यवसायी सुदिप गौतम पनि हिमालको फेदमा बस्नु र चुचोरामा पुग्नु फरक भएको अनुभव सुनाउनुहुन्छ । "म सानै उमेरदेखि मर्दी हिमालको फेदमा होटल व्यवसायमा आवद्ध छु, तर आँखा अगाडि देखिरहने हिमालहरूको चुचुरोमा पुग्न सहज रहेनछ । जब कठिनाइहरू चिर्दै अगाडि बढियो जीवनमा सफलता पाउन पनि सहज रहेनछ भन्ने शिक्षा हासिल गरियो ।" गौतमले हिउँ हुँदा र हिउँ नहुँदा दुबै समयमा कठिन भएको अनुभव सुनाउनुभयो । "प्रतिघण्टा ७५ किलोमिटरको हावाको वेगले धानिन नसक्दाको अनुभव अविस्मरणीय रह्यो । छ हजार १२ मिटरको उचाइमा पुगेपछि खुशीका आँशु झरे, आनन्द लाग्यो ।" गौतमले जीवनको मिठो अनुभवलाई व्यावहारिक जीवनमा पनि प्रयोग गरेर अघि बढ्ने बताउनुभयो ।

नेपाल पर्वतारोहण संघ (एनएमए) गण्डकी प्रदेशका सचिव गौतमले नेपालको पदयात्रा पर्यटन मोटर गुड्न मिल्ने बाटोले गर्दा नासिदै गएको अवस्थामा अब पर्वतीय पर्यटनबाट पर्यटन बजारलाई विस्तार गर्नुपर्ने धारणा राख्नुहुन्छ । "विश्वमा १४, नेपालमा आठ र गण्डकी प्रदेशमा मात्र तीनवटा आठहजार मिटर अग्ला हिमाल छन् । योसँगै अनगिन्ति पिकहरू यस क्षेत्रमा छन् यसको प्रवर्द्धन गर्न सके अब विश्व जगतमा पर्वतारोहण पर्यटनलाई विकाउन सकिन्छ ।" गौतमले भन्नुभयो ।

कास्की मादी गाउँपालिकाका दिपेशबाबु सुवेदी सन् २००४ बाट ट्रेकिङ क्षेत्रमा प्रवेश गरेर पदयात्रा पर्यटनको अनुभव लिएपनि पिकको आरोहण पहिलो पल्ट गरेको बताउनुहुन्छ । "पदप्रदर्शक भएर काम गर्दा धेरै पटक पाँच हजार पाँच सयको उचाइमा टल्केका हिमालहरूसँग आँखा जुधाउँदै हिँडियो तर धेरैपछि मात्र ती चुचुरोमा पुग्ने अबसर मिल्यो ।" सुवेदीले सोचेको कुरा पुगेपछि निकै खुशी लागेको बताउनुभयो । उहाँले पर्यटन क्षेत्रमा कुनै कुराको अनुभव आवश्यक रहेको जनाउँदै अब 'माउण्टेन क्लाइमिङ' को अनुभवले यस क्षेत्रको प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । लोमाङथाङ गाउँपालिका- ४ का ५२ वर्षीय टासि पासाङ गुरुङसँग पनि पहिलो पटक छ हजार मिटरको चुचुरोमा पुग्दा निकै खुशी लागेको अनुभव छ । "सोह्र वर्षदेखि पथप्रदर्शक र हाल ट्रेकिङ व्यवसायमा आवद्ध छु, धेरै पल्ट उचाइमा पुगे पनि माउण्टेन क्याइमिङ अनुभव पहिलो पल्ट लिन पाएँ" गुरुङले भन्नुभयो "पिक आरोहणको समयमा पाँच हजार ८५० मिटरमा पुगेपछि निकै बेगले चलेको हावाले निकै गाह्रो भयो, मुख छोप्दा सास फेर्न गाह्रो, नछोप्दा चिसोले हानेर गाह्रो तर जसरी पनि हामी विचलित भएनौँ हाम्रो लक्ष्यमा पुग्यौँ" उहाँले चुचुरोमा पुगेपछि एकअर्कालाई अंकमाल गरेर खुशी साटासाट गरेको र केहीबेर चुचुरोमा फोटो खिचेर फर्किएको बताउनुभयो । उमेरले सबै आरोहीभन्दा जेठा उहाँले अरु चुचुरोको चढ्न आत्मविश्वास बढेको उहाँको अनुभव छ ।

नेपाल पर्वतारोहण संघ गण्डकी प्रदेशको आयोजनामा माघ तीन गते १० जना आरोही धम्पुस पिक (थापापिक उपनामले पनि चिनिने) पुगेका थिए । चार जना मौसमको प्रतिकुलता कारण बीचबाट फर्किए भने बाँकी छ जना आरोहण गर्न सफल भएका संघका अध्यक्ष शेषकान्त शर्माले जानकारी दिनुभयो । उहाँले गण्डकी प्रदेशका पिकहरूको प्रवर्द्धन गरेर पर्वतीय पर्वतारोहणको लागि एउटा उत्कृष्ट गन्तब्यको रूपमा विकास गर्न पहिलो पटक धम्पुस पिक आरोहण गराइएको बताउनुभयो । "गण्डकी पर्वतीय गतिविधिमा पछाडि परेको महसुस हामीले गरेका छौँ, यस क्षेत्रका हिउँचुचुराहरूको आधिकारिक तथ्याङ्क अझै सङ्कलन हुन सकेको छैन । यस क्षेत्रका हिमालहरूको प्रोफाइल तयार गर्न प्रदेश सरकारसँग आग्रह गरेका छौँ ।" उहाँले प्रदेशमा १८ वटा अहिलेसम्म नचढिएका पिक रहेका पछिल्लो समय जानकारीमा आएको बताउनुभयो ।

गण्डकी प्रदेशमा सुन्दर हिमश्रृंखलाका उच्च नमुना भए पनि यसलाई बेच्न नसकिएकोले अब प्रचारप्रसारसहित प्रवर्द्धनमा जुट्ने उहाँको भनाइ छ। "साहसिक गतिविधि अन्तर्गत पर्ने यस क्षेत्रमा धेरै आन्तरिक तथा बाह्य पर्यटकको रुचि देखिन्छ, तर तालिम दिने दक्ष जनशक्तिको कमि छ, त्यसैले तालिमलाई पहिलो प्राथमिकतामा राखेका छौँ ।" उहाँले हालै प्रारम्भिक पर्वतारोहरणप्रवर्द्धनात्मकतालिममार्फत् मध्यमस्तरका चुचुरोलाई प्राथमिकता दिएर धम्पुस पिक आरोहरण गराइएको जानकारी दिनुभयो । चुचुरो आरोहणका लागि एनएमए सर्टिफाइड प्रशिक्षक आशिष गुरुङ र अनुप गुरुङ हुनुहुन्थ्यो । छ हजार मिटर माथिका चुचुरोमा आरोहणका लागि मनाङमा पर्वतारोहणको तालिम केन्द्र छ। त्यहाँ आधारभूत पर्वतारोहण तालिम सञ्चालन हुँदै आएको छ भने सगरमाथा क्षेत्रमा एड्भान्स तालिम दिइने गरिएको छ । उहाँले प्रदेश सरकारसँग हिम चुचुरोको स्पष्ट सङ्ख्या र पिक प्रोपाइल बनाउन आग्रहसँगै, पर्वतीय क्षेत्रमा हुने दुर्घटनामा तत्काल उद्धार गर्ने तालिमप्राप्त जनशक्ति नभएकाले १०/१५ जना 'डेडिकेटेट टिम' सहित आवश्यक उपकरणको व्यवस्था गर्न माग गरिएको जानकारी दिनुभयो ।

शर्माका अनुसार छ हजार मिटरका चुचुरो आरोहरणको लागि एक जनाको रु ५० हजारदेखि एक लाखसम्म खर्च लाग्ने गर्दछ । एकजनाको रु पच्चीस हजार जति बीमामै खर्च हुन्छ भने अन्य पर्वतारोहण सामग्रीको लागि खर्च हुने गर्दछ ।

# डिजिटल सिकाइ अभियान

पोखरापत्र संवाददाता

तनहुँ, १२ फागुन

जिल्लाको व्यास नगरपालिका-१० स्थित शिव माध्यमिक विद्यालयबाट डिजिटल सिकाइ अभियान शुभारम्भ गरिएको छ।

व्यास नगरपालिकाको सहयोग तथा एककिृत हरित विकास नेपालको सहकार्य एवं टच स्काइ एजुकेशन नेटवर्क र बिएसएस कम्प्युटर लर्निङ सेन्टर प्रालिको प्राविधिक सहयोगमा डिजिटल सिकाइ अभियान मङ्गलबारदेखि थालिएको हो। उक्त अभियानको नगरप्रमुख बैकुण्ठ न्यौपानेले उद्घाटन गर्नुभयो। नगरप्रमुख न्यौपानेले अबको शिक्षा प्राविधिमैत्री बनाउन आवश्यक रहेको बताउनुभयो। भौतिक सुधारका साथै गुणस्तरीय शिक्षा लिने अपेक्षा गरिए पनि शिक्षण प्राविधि पुरानै ढर्राको रहेकाले यसको अन्त्य गर्दै नयाँ प्रविधितर्फ अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

शिक्षक महासङ्घका जिल्ला अध्यक्ष रामचन्द्र पोखरेलले हिजोको शिक्षण सिकाइ चक, डस्टर र कालोपाटीबाट शुरुआत भए पनि अहिलेको माग डिजिटल प्राविधि रहेकाले यसको प्रयोग गर्दै अघि बढ्नुपर्ने बताउनुभयो । स्थानीय तह, साझेदारी संस्था र विद्यालय गरी त्रिपक्षीय सहभागितामा यस कार्यक्रम सञ्चालन गरिनेछ । अफलाइनमा आधारित सफ्टवेयरमार्फत शिक्षकको प्राविधिक क्षमतामा वृद्धि गर्ने लक्ष्य रहेको डिजिटल सिकाइ अभियानका कार्यक्रम संयोजक श्रीकृष्ण आचार्यले बताउनुभयो । उक्त प्राविधिमार्फत २०० भन्दा बढी वेवसाइट उपलब्ध गराइनेछ । उहाँले भन्नुभयो, "मार्कसिट, ग्रेडसिट, तलबी भर्पाइ, पुस्तकालय व्यवस्थापनलगायतका ढाँचा, डिजिटल किताबलगायत उपलव्ध गराइने छ।" यस कार्यक्रमका लागि व्यास नगरपालिकाबाट रु चार लाख, साझेदारी संस्था एकीकृत हरित विकास नेपालबाट रु तीन लाख ५० हजार सहयोग रहेको छ । जिल्लामा रहेका ७५ वटै विद्यालयमा प्राविधिक शिक्षा पुऱ्याउने लक्ष्य रहेको उहाँले बताउनुभयो । व्यास नगरपालिकाको सहयोगमा सबै विद्यालयका शिक्षकलाई ६० दिने प्राविधिक तालिम प्रदान गरिसकिएको सो संस्थाले जनाएको छ । व्यास नगरपालिका -१० मा रहेका चार माध्यमिक विद्यालयमा आइसिटी प्याकेज उपलब्ध गराइसकिएको छ । जसमा भानु मावि, सर्वज्योति मावि, शिव मावि र चण्डीदेवी मावि छन् ।

# मुलुकको समृद्धिका लागि स्थिरता आवश्यक छः अध्यक्ष गोल्छा

पोखरापत्र संवाददाता

पर्वत, १२ फागुन

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छाले मुलुकको समृद्धिका लागि स्थिरता र स्थायित्व हुनुपर्ने बताउनुभएको छ।

पर्वत उद्योग वाणिज्य सङ्घको २८ औं साधारण सभा तथा १७ औं अधिवेशनको आज उद्घाटन गर्दै उहाँले मुलुकमा स्थिर सरकार, राजनीतिक स्थिरता र स्थायित्व काम भएमा मात्र समृद्धिको वातावरण बन्ने बताउनुभयो।

अध्यक्ष गोल्छाले मुलुकमा आर्थिक विकासका थुप्रै सूचकको प्रचुर सम्भावना रहे पनि लगानीको अभाव रहेको बताउँदै अस्थिरताका कारण जोखिम बढ्दै गएको बताउनुभयो। "जबसम्म मुलुकले राजनीतिले स्थायित्वको मार्ग पक्डदैन, मुलुकको समृद्धिका लागि राजनीतिक दलहरु एकजुट हुन सक्दैनन्, तबसम्म उद्योग, कलकारखानामा लगानी गर्न कोही पनि तयार हुँदैन", उहाँले भन्नुभयो, "व्यवसायीको सुरक्षाका लागि राज्य गम्भीर बन्नुपर्दछ ।" अध्यक्ष गोल्छाले राज्यले लगानीको सुनिश्चितता गर्ने, लगानीकर्तालाई प्रवर्द्धन गर्ने र उनीहरुको सुरक्षाको ग्यारेण्टी लिनुपर्नेमा जोड दिनुभयो।

# आरती अधिकारीको 'लुकी लुकी मायाले' सार्वजनिक

पोखरापत्र संवाददाता

पोखरा, १२ फागुन




लोकदोहोरी गायीका आरती अधिकारीको लोकदोहोरी भाका 'लुकी लुकी मायाले' बोलको गित सार्वजनिक भएको छ। कृष्ण पौडेलको लय र शब्दमा रहेको उक्त गितमा आरती अधिकारी र कृष्ण पौडेलले स्वर दिएका छन् ।

पोखरा आसपासमा छांयाकंन गरिएको गितको निर्देशन पोखरेली युवा निर्देशक होम गुरुङले गरेका हुन् । गित गणेश सापकोटाले छायांकन गरेका हुन् भने अन्तिम सम्पादनको काम भने सुवास अमगाईले गरेका हुन् ।

गायीकामा अधिकारीले मालश्री स्टुडियो काठमाण्डौ र गायक पौडेलले दोहा कतारमा नै गित रेकर्ड गरेका हुन् । गितको एरेन्ज बिनोद बाजुरालीले गरे भने, गितमा लोमस शर्मा र अमृता सापकोटाको बेजोड र जिवन्त अभिनय रहेको छ।

गित समयसान्दर्भीक, मनोरञ्जनात्मक र सवैको मनमा बस्न सक्ने खालको रहेको गायीका अधिकारीले बताईन् । गित शिव हमालको अफिसियल युट्युव च्यानल मार्फत सार्वजनिक गरिएको हो। अधिकारीको 'लुकी लुकी मायाले' बोलको गित चौठौं सृजना हो।

# आमा समूहको आयस्रोत आलुखेती

पोखरापत्र संवाददाता

बागलुङ, १२ फागुन

गलकोट-७ मल्मको मूलपानी आमा समूहले यो वर्ष जोडेको सम्पत्ति चार मुरी आलु हो।

कात्तिकमा लगाएको १० पाथी आलुले चार मुरी फसल दिएपछि समूहमा आबद्ध सबै आमाहरू खुशी छन् । घरखर्च टार्नकै लागि हरेक वर्ष आफ्नो खेतबारीमा आलु खेती गर्दै आएका समूहका सदस्यहरूले यो वर्ष समूहमा खेती गरे। समूहको सक्रियतामा लगाइएको आलु राम्रो फलेपछि आम्दानी बढ्ने पक्का छ । स्थानीय सरकारले महिला सशक्तीकरणका छुट्याएको बजेट सदुपयोग गर्दा यहाँका महिलाहरूले आलुको राम्रो फसल लिएका हुन् । मल्ममा १४ वटा समूहले १० पाथीका दरले आलु लगाएका छन् ।

विगतमा महिलाका लागि भनेर छुट्याइएको बजेट गोष्ठी र बैठकहरूमा सकिन्थ्यो । हरेक वर्ष बजेट पाउँदा पनि महिलाको आर्थिक अवस्था उस्तै रहेपछि यस वर्ष महिला समूहले नयाँ प्रयास थालेका हुन् । वडाले महिलाका लागि छुट्याएको रु ७५ हजार बजेटले ताराखोलाको आलुको बीउ महिला जागरण केन्द्र मल्मले ल्याएर बाँडेको हो । सबै समूहले लगाएको आलु चारदेखि छ मुरीसम्म फलेको छ।

"पहिले देखिने गरी केही हुने थिएन, यसपटक आलु लगाएको राम्रो आम्दानी हुने देखेका छौँ", मिलिजुली आमा समूहका अध्यक्ष टीका सहानीले भन्नुभयो, "अहिले सबै बेचेर पैसा राख्छौँ, अर्को वर्ष त्यही पैसाले धेरै बीउ किनेर समूहमा लगाउँछौँ ।" समूहकै सदस्यका बाँझो रहने जमीनमा उनीहरूले खेती गरेका थिए। अहिले बीउ पूँजी जम्मा गरेर अर्को वर्ष व्यावसायिक उत्पादन गर्ने योजना रहेको उहाँले सुनाउनुभयो । "अभिमुखीकरण भनेर सकेको भए पनि थोरै पैसा यसै जान्थ्यो तर हामीले आम्दानीका लागि बीउ खोज्यौँ", महिला जागरण केन्द्र मल्मका अध्यक्ष ललिता थापाले भन्नुभयो, "यो सामूहिक आम्दानीको शुरुआत हो, अहिले फलेको आलुको मूल्य सबै बीउमा लगाउँदा अर्को वर्षदेखि समूह आर्थिकरूपमा सबल हुन्छ।"

# सामुदायिक प्रहरी सेवा माटेपानीमा जनचेतना मुलक कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, १२ फागुन

सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा माटेपानीको आयोजनामा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत बाल बालिका तथा महिला हिंसा विरुद्ध जनचेतना मुलक प्रशिक्षण कार्यक्रम बुधवार सम्पन्न भयो।

सामुदायिक सेवा केन्द्र माटेपानी - १२ को सभा हलमा कार्यक्रम भएको थियो। सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा पोखरा -१२ माटेपानीका अध्यक्ष बल बहादुर कार्की को अध्यक्षयतामा भएको थियो।



कार्यक्रममा प्रमुख अतिथी पोखरा - १२ का वडा अध्यक्षराम बहादुर कार्कीले आफुले पनि कसैलाई हिंसा नगरौ र यदि कसैले हिंसा गरेको थाहा पाएमा उसलाई कानुनी दायरामा ल्याई समाजका विकृतिलाई अन्त्य गरौं भने। वडा प्रहरी कार्यालय रामबजारका निमित्त कार्यालय प्रमुख प्रेम बहादुर जि.टी, वडा नं. १२ का वडा सदस्य विष्णु सुनार, वडा सदस्य सिता देवी बास्तोला, ढिकालेथर टोल विकास संस्थाका अध्यक्ष गुप्त बहादुर कार्की लगायतले कार्यक्रममा आ-आफ्नो भनाई राखेका थिए। जिल्ला प्रहरी कार्यालय कास्कीका प्र.ना.नी होत बहादुर रोकायले प्रशिक्षण दिएका थिए।

सामुदायिक सेवा केन्द्र का पदाधिकारी प्रहरी इन्चार्ज प्रहरी जवान, पोखरा -१२ का आमा समुहरु, टोल बिकास संस्था, युवा क्लब, समाज सेवीहरु समेत उपस्थिति रहेको कार्यक्रममा महिला ४० जना र पुरुष १५ जना सहभागी रहेको थियो। कार्यक्रममा उपाध्यक्ष मिरा देवी आचार्यले स्वागत र सचिव ईन्दिरा पन्तले कार्यक्रम संचालन गरेकी थिइन।

# जनप्रतिनिधि चुनिएपछि फलेवासका उपलब्धि सार्वजनिक

पोखरापत्र संवाददाता
पर्वत, १२ फागुन

स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भएको झण्डै चार वर्ष पुग्न थालेको छ। जनप्रतिनिधिको कार्यवधि सकिँदै गर्दा विभिन्न स्थानीय तहका प्रमुखले आफ्नो कार्यकालमा भएका उपलब्धि सार्वजनिक गर्न थालेका छन्। पर्वतको महाशिला गाउँपालिकाले अहिलेसम्म गरेका कामको श्वेतपत्र जारी गर्ने भएको छ। जनप्रतिनिधि निर्वाचित भएपछि गरिएका काम र गर्नुपर्ने बाँकी काम समेटेर श्वेतपत्र जारी गर्न लागिएको हो।

जिल्लाकै फलेवास नगरपालिकाले झण्डै चार वर्षको अवधिमा प्राप्त गरेका उपलब्धिलाई सार्वजनिक गरेको छ। अहिलेसम्म नगरपालिकाले अगाडि सारेका र शुरुआत गरेका योजनामा ३३ वटा उपलब्धिलाई महत्वपूर्ण मानेको छ। फलेवासले शुरुआतमा सडक मापदण्ड निर्धारण र कार्यान्वयन, सेन्टर, भित्री र बाहिरी चक्रपथ निर्माण सम्पन्न गरेको छ भने मुख्य बस्तीको पाँच मिनेटको दूरीमा सडक सञ्जालीकरण विस्तार भएको जनाएको छ।

त्यसैगरी बहुचर्चित कालीगण्डकी जलाशययुक्त परियोजनाको अवधारणा फलेवास आफैँले अघि सारेको दाबी गरेको छ। यो अहिले राष्ट्रिय योजनामा समावेश भई सम्भाव्यता अध्ययनको क्रममा छ। त्यसैगरी नगरपालिकाले नागरिकको जीवनस्तर उकास्नका लागि बिरुवा हाम्रो फल तपाईँको कार्यक्रम, टनेल हाम्रो उत्पादन तपाईँको कार्यक्रम, ज्येष्ठ नागरिकसँग नगरपालिका कार्यक्रम सञ्चालनमा ल्याएको छ।

त्यसैगरी अन्यत्र सिफारिस गर्नुपर्ने प्रसूति तथा गर्भवतीलाई निःशुल्क एम्बुलेन्स सेवा, क्लिन फलेवास ग्रिन फलेवास अभियान, श्रमिक पेन्सन योजना तथा श्रमिक कल्याणकारी कोषसमेत प्रभावकारीरूपमा अघि बढाइएको नगरप्रमुख पदमपाणि शर्माले जानकारी दिनुभयो। फलेवासले पर्यटनको क्षेत्रमा पनि काम अघि बढाएको छ। डहरे-देउरालीमा ओपनजू र मनमोहन शान्तिवाटिका निर्माणमा जुटेको छ भने विभिन्नि गाउँमा घरवास प्रवर्द्धन र पदमार्ग निर्माणका काम भइरहेका छन्।

फलेवासमा नगर अस्पताल शुभारम्भ भइसकेको छ भने औद्योगिक क्षेत्र, रङ्गशाला, सिटीहल, प्रमुख प्रशासकीय भवन निर्माणका लागि निःशुल्क जग्गा प्राप्तिको काम पनि सकिएको नगरपालिकाको उपलब्धिका रूपमा राखिएको छ। त्यसैगरी ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र पूर्वाधार निर्माण, एक वडा एक घरेलु औजार उद्योग स्थापनालाई पनि नगरले जोड दिएको छ। एक वडा एक महिला उद्योग, एक वडा एक कृषि फार्म, बृहत् कृषि फार्म, बहुवर्षे नर्सरी प्रवर्द्धन, एक वडा एक पशु फार्मजस्ता कार्यक्रमसमेत प्रभावकारी बनेको नगरप्रमुख शर्माले बताउनुभयो। शिक्षाको क्षेत्रमा कक्षा ३ सम्म अङ्ग्रेजी माध्यम र प्रविधिमैत्री शिक्षा प्रवर्द्धन गरिएको तथा विद्यार्थीका लागि दिवा खाजा र विद्यालयका लागि बस सेवा कार्यक्रम तथा छात्रालाई स्यानिटरी प्याडको व्यवस्था तथा नमूना विद्यालय कार्यक्रम शुरु गरिएको नगरप्रमुख शर्माले जानकारी दिनुभयो। नगरभित्र विद्युत्को समस्याका रूपमा रहेका काठेपोललाई फलाम तथा स्टिल पोलमा रुपान्तरण गरिसकिएको, एकीकृत बस्ती विकासको योजना अघि सारिएको उहाँले बताउनुभयो।

वडा कार्यालयमा सहजरूपमा राजश्व सङ्कलनको व्यवस्था मिलाइएको र बाँझो जमिनमा खेती गर्नेलाई अनुदान दिन व्यवस्थासमेत गत आर्थिक वर्षबाट शुरुआत गरिएको छ। त्यसैगरी प्रतिफलमा आधारित अनुदान वितरण गर्न थालिएको छ। जसमा दूध, बाख्रा, स्थानीय जातका कुखुरापालनमा प्रोत्साहनस्वरुप कृषकलाई अनुदान दिन थालिएको छ। शून्य कालोपत्र भएको नगरपालिकामा सडक कालोपत्र, स्तरोन्नति, सडक पुल, झोलुङ्गे पुल निर्माणलाई समेत नगरले जोड दिएको छ भने संसदीय मोडलमा नगरसभा सञ्चालन र निर्णय कार्यान्वयन गर्दै आइरहेको नगरप्रमुख शर्माको उपलब्धिका रूपमा हेरिएको छ।

फलेवास नगरपालिकालाई देशकै नमूना नगरपालिकाका रूपमा परिचित गराउन सफल भएको शर्माले बताउनुभयो। जनप्रतिनिधि निर्वाचित भएपछि ४६ वटा ऐन कानून निर्माण र कार्यान्वयन गरिएको छ। त्यसैगरी वडा कार्यालय, स्वास्थ्यचौकी भवन, विद्यालय भवन तथा भौतिक संरचना द्रुतगतिमा निर्माण गरिएको छ। युवा रोजगार तथा खेल पूर्वाधार निर्माण भइरहेको नगरपालिकाले जनाएको छ। नगरपालिकाले अर्को उपलब्धिमा एक घर एक धारामार्फत खानेपानी योजना वितरणलाई तीव्रता दिएको र सिँचाइको क्षेत्रमा साना तथा मझौला सिँचाइमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्नमा जोड दिइएको नगरप्रमुख शर्माले बताउनुभयो। जनप्रतिनिधि निर्वाचित भएपछि समग्रमा हालसम्मको अवधि उपलब्धिमूलक बनेको नगर उपप्रमुख मञ्जु अधिकारीले जानकारी दिनुभयो।

# सेवा विस्तार गर्दै दमौली अस्पताल

पोखरापत्र संवाददाता
तनहुँ, १२ फागुन

दमौली अस्पतालमा थाइराइड, आँखा र दाँत सेवा शुरु भएको छ। अस्पताललाई व्यवस्थित एवं अत्याधुनिक बनाउने प्रयासस्वरुप अस्पतालले थाइराइड, आँखा र दाँत सेवा शुरु गरेको हो।

दमौली अस्पतालबाटै थाइराइड सेवा शुरु भएपछि सर्वसाधारण यसको उपचारका लागि महङ्गो शुल्क तिरेर अन्यत्र जानुपर्ने बाध्यताको अन्त्य भएको दमौली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रदीपराज अधिकारीले जानकारी दिनुभयो। थाइराइड परीक्षणका लागि अस्पतालले निजी ल्याबभन्दा ४० प्रतिशत कम शुल्कमा सेवा दिने अधिकारीले बताउनुभयो। गण्डकी प्रदेश सरकारले रु दश लाख मूल्य पर्ने थाइराइड परीक्षण उपकरण उपलब्ध गराएको थियो। दमौलीस्थित एक निजी प्रयोगशालामा भने थाइराइडको परीक्षण हुँदै आएको छ। "सरकारी स्वास्थ्य संस्थामै उक्त सेवा शुरु भएपछि महङ्गो शुल्क तिरेर अन्यत्र परीक्षण गर्न जानु पर्दैन", अधिकारीले भन्नुभयो। अधिकारीका अनुसार अस्पतालबाटै आँखाको शल्यक्रियाका लागि पनि पहल भइरहेको छ। "शल्यक्रियाका लागि उपकरण ल्याउन पहल भइरहेको छ, त्यसपश्चात् आँखाका बिरामीलाई पनि शल्यक्रियाका लागि अन्यत्र जानु पर्दैन", उहाँले भन्नुभयो। दमौली अस्पतालमा आँखा परीक्षण गराउन आउनेमध्ये दैनिक तीनजनालाई शल्यक्रियाका लागि पोखरा सिफारिस गर्ने गरिएको छ। त्यस्तै अस्पतालमा नयाँ दाँत हाल्ने सेवा पनि थप गर्न लागिएको छ। हाल सोबाहेक सबै दाँतका सेवा अस्पतालबाट प्रदान भइरहेको छ। दाँतको उपचारका लागि डिजिटल एक्स-रे मेशिन सञ्चालनमा ल्याइएको छ। सो मेसिन खरीदका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले रकम उपलब्ध गराएको थियो। मेशिनलाई करीब रु ५० लाख पर्छ। दमौली अस्पतालमा दन्त सेवा नहुँदा सर्वसाधारणले निजी स्वास्थ्य संस्थामा सेवा लिनुपर्ने बाध्यता थियो। अस्पतालका नेत्ररोग विशेषज्ञ डा सुधा रानाभाटले उपकरण थप गर्न सकिए अस्पतालबाटै शल्यक्रिया सेवा दिन सकिने बताउनुभयो। दन्तरोग विशेषज्ञ डा सुनिल सुवेदीले शुरुआती दिनमा दाँतको सेवा दिन कठिनाइ रहे पनि उपकरण थप भएपछि सहज भएको बताउँदै कृत्रिम दाँत हाल्ने व्यवस्था मिलाउन समितिलाई अनुरोध गरिएको जानकारी दिनुभयो।

विसं २०५९ मा अस्पतालका रूपमा स्तरोन्नति भएको दमौली अस्पताल उपकरण थप्ने प्रयासमा जुटेको छ। अध्यक्ष अधिकारीका अनुसार सरकारले ३५ शय्या खरीदका लागि बजेट उपलब्ध गराइसकेको छ। "सामान्य उपचारका लागि पोखरा, चितवन र काठमाडौँ जानुपर्ने अवस्थाको अन्त्यका लागि अस्पताल सुधारको काम गरिरहेका छौँ, नयाँ नयाँ उपकरण थप भइरहेको छ", उहाँले भन्नुभयो। अस्पतालमा हालै मात्र प्रसूतिरोग विशेषज्ञको समेत व्यवस्था भएको छ। यससँगै अस्पतालबाटै प्रसूति सेवासमेत शुरु भएको छ। यस अगाडि पनि अस्पतालमा प्रसूति सेवा सञ्चालनमा रहे पनि विशेषज्ञ चिकित्सकको सरुवा भएपछि उक्त सेवा रोकिएको थियो। दमौली अस्पतालका मेसु डा सुनिल पौडेलले अस्पतालको ल्याब पूर्ण स्वचालित बनाइएको जानकारी दिनुभयो। उहाँका अनुसार सघन उपचार कक्ष निर्माणको काम अन्तिम चरणमा पुगेको छ। "अस्पताल सुधारका धेरै काम भएका छन्, यसले गर्दा सर्वसाधारणले सहजरूपमा सेवा प्राप्त गर्न सक्ने अवस्था बनेको छ", उहाँले भन्नुभयो।

अस्पतालमा केही समय अगाडि एनेस्थेसिया उपकरण जडान गरिएको थियो। विना अक्सिजन शल्यक्रिया गर्न सकिने रु २० लाख बराबरको उक्त मेशिन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उपलब्ध गराएको थियो। पन्ध्र १५ शय्याको अस्पताललाई ५० शय्यामा स्तरोन्नतिका लागि प्रदेश सरकार मातहत रहेका दुई सरकारी कार्यालयको जग्गा उपलब्ध गराइदिन मुख्यमन्त्रीसँग अनुरोध गरिसकिएको छ। कृषि ज्ञान केन्द्रको स्वामित्वको जग्गामध्येबाट पाँच रोपनी र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको स्वामित्वको जग्गामध्येबाट आठ रोपनी जग्गा अस्पताललाई उपलब्ध गराउन अस्पताल व्यवस्थापन समितिको माग छ।

अस्पतालबाट हाल ४२ शय्यामा सेवा प्रवाह भइरहेको छ। अस्पतालको स्तरोन्नति गर्न सकिए सरकारी फिजिसियन, सर्जन, बालरोग, प्रसूतिरोगका विशेषज्ञ चिकित्सकको दरबन्दी थप हुनेछ। अस्पतालले इमर्जेन्सी सेवा, फार्मेसी, एआरटी, ल्याब्रोटोरी, दन्त, आँखा सेवाका अतिरिक्त मानसिक उपचार र डायलोसिस सेवासमेत प्रदान गर्दै आइरहेको छ। २०३४ सालमा स्वास्थ्यचौकीका रूपमा स्थापना र २०५५ सालमा प्राथमिक स्वास्थ्य केन्द्रका रूपमा स्तरोन्नति भएको यस अस्पताल २०५९ सालमा अस्पतालका रूपमा स्तरोन्नति भएको थियो।

# एक वर्षपछि खुले विद्यालय

– नवीन लामिछाने
मनाङ, १२ फागुन

कोरोना महामारी र चिसोले बन्द भएका मनाङका विद्यालय झण्डै एक वर्षपछि सञ्चालनमा अएका छन्।

गत वर्ष जाडो सकेर विद्यार्थी भर्ना अभियान शुरु गर्दैगर्दा कोरोनाले एसइई परीक्षा स्थगित भएसँगै बन्द भएका यस क्षेत्रका विद्यालय विसं २०७६ चैत महिनादेखि हालसम्म बन्द नै भए। पहुँच पुगेका ठाउँमा अनलाइन कक्षा सञ्चालन भए पनि यहाँ भने कुनै पनि कक्षा सञ्चालन प्रभावकारी भएन। एक त विकट ठाउँ त्यसमा पनि कोरोना कहरमा घरदेखि बाहिर निस्कने वतावरण नहुनुले पनि कठिन भएको स्थानीय अभिभावक बताउँछन्। केही दिन अगाडि मात्र तल्लो भेगका विद्यालय खुलेका हुन्। सदरमुकाम चामे र नार्सों गाउँपालिकामा रहेका विद्यालयले पढाइ शुरु गरेका छन्। विगतका वर्षमा चैतदेखि नयाँ शैक्षिकसत्र शुरु हुने भए पनि यस वर्ष कोरोनाका कारण पढाइ रोकिएकाले छिटो विद्यालय सञ्चालन गरिएको हो। चारवटा गाउँपालिका रहेको यस जिल्लाको माथिल्लो भेग मनाङ डिस्याङ र नार्पाभूमि गाउँपालिकाका विद्यालय भने फागुन १६ पछि खुल्ने भएको छ। जाडो छल्न काठमाडौँ र पोखरालगायत जिल्ला बाहिर पुगेका अधिकांश विद्यार्थी अभिभावकसँगै फर्केका छन्। विगतका वर्षमा वार्षिक परीक्षा सकेर पुस पहिलो साता विद्यार्थी जाडो र हिमपात छल्न शहर झर्ने गरे पनि यस वर्ष कोरोनाका कारण परीक्षा सञ्चालन भएको छैन। चामेस्थित लोकप्रिय माविमा माघ ११ गतेदेखि पठनपाठन शुरु गरिएको प्रधानाध्यापक सुरेश थापाले बताउनुभयो।

आवासीय विद्यालयका रूपमा सञ्चालन गरिएको उक्त विद्यालयमा हाल २९२ विद्यार्थी छन्। नार्सों गाउँपालिका-१ तालमा रहेको भानु मावि र नार्सों गाउँपालिका- ५ थोँचेस्थित प्रकाशज्योति माविमा पनि माघ २५ गतेबाट विद्यालय सञ्चालन भएका छन्। मनाङको तल्लो क्षेत्रको चामे र नार्सों गाउँपालिकाका विद्यालय खुलेको शिक्षा विकास तथा समन्वय एकाइ मनाङका प्रमुख नारायण रेग्मीले बताउनुभयो। उहाँका अनुसार मनाङ डिस्याङ गाउँपालिका र नार्पाभूमिका ११ विद्यालयमा भने पठनपाठन शुरु भएको छैन। विद्यालयमा फागुन १६ गतेबाट पठनपाठन शुरु हुने उहाँले बताउनुभयो।

शिक्षा विकास तथा समन्वय एकाइ मनाङका प्रमुख रेग्मीका अनुसार शिक्षा नियमावलीले ४५ दिन बिदा पाउने प्रावधान छ। स्थानीय बिदा पाँच दिन पाउँछन्। तर माथिल्लो क्षेत्रमा तीन महिना र तल्लो क्षेत्रमा साढे दुई महिना विद्यालय बन्द हुने गरेको छ। यस वर्ष कोरोनाका कारणले भने पठनपाठन नहुँदा यो शैक्षिकसत्र नै प्रभावित भएको छ। जिल्लामा २६ सामुदायिक विद्यालय र एक निजी विद्यालय छन्। जिल्लाभर चार मावि, आठ आधारभूत तह र १५ वटा प्राविमा १९० शिक्षक दरबन्दी छन्। जिल्लाभर ६०२ विद्यार्थी अध्यनरत रहेका शिक्षा विकास तथा समन्वय एकाइ मनाङले जनाएको छ।

माथिल्लो भेगका विद्यालय भने कुनै कक्षा सञ्चालन नभइकन यो शैक्षिकसत्र सकिएको छ। तल्लो भेगमा भने वैशाख महिनादेखि नै नयाँ शैक्षिकसत्र शुरु हुने गरेको छ। अब नयाँ भर्ना अभियान गर्ने कि पुरानै कक्षा सञ्चालन गर्ने दोधारमा रहेको छ।


**Provincial Government**
**Ministry of Physical Infrastructure Development**
**Urban Development and Building Office, Kaski**
**Gandaki Province, Pokhara, Nepal**

## Invitation for Bids

**(First Date of Publication: 2077/11/13)**

Urban Development and Building Office(UDABO), Kaski invites e-bids from registered, eligible and interested bidders for the execution of following works under NCB procedures.For more detail, eligible and interested bidders may visit and download the bid documents from e-GP system www.bolpatra.gov.np/egp

| S. N. | Name of Project, Contract ID No. and Address | Estimated Amount including VAT & PS (NRs) | Bid Security amount (NRs) | Period of validity for Bid Security | Cost of Bid document | Last date of Bid submission |
|---|---|---|---|---|---|---|
| 1. | Drain Construction and Water Management Works at Proposed Laame Aahal Buspark Location: Pokhara, 32- Lekhnath Contract ID No: UDABO/Kaski/NCB/ Works/13/077-78 | 74,94,697.23 | 1,95,000.00 | 120 days from the last date of bid submission | 3,000.00 | 2077/12/15 |
| 2. | Road Pavement and Side Drain Works of Pulchowk Bridge to Pakhri Chowk Road. Location: Madhya Nepal-06, Lamjung Contract ID No: UDABO/Kaski/NCB/ Works/14/077-78 | 96,36,586.03 | 2,50,000.00 | 120 days from the last date of bid submission | 3,000.00 | 2077/12/15 |
| 3. | Landscaping and Renovation Works of Ministry of Forests and Environment Location: Ministry of Forest and Environment, Pokhara, Kaski, Gandaki Province. Contract ID No: UDABO/Kaski/NCB/ Works/15/077-78 | 19,29,064.08 | 50,000.00 | 90 days from the last date of bid submission | 1,000.00 | 2077/11/28 |

**Office Chief**